राप्ती गाउँपालिकाको योजना अनुगमन प्रतिवेदन

**आ व २०८०/०८१ मा राप्ती गा पा द्वारा संचालित योजनाहरुको दोश्रो त्रैमासिक तथा अर्धवार्षिक प्रतिवेदन**

पृष्ठभूमी

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ उपदफा ४ ख ५ स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ६.२.२ बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले बार्षिक अनुगमन कार्य योजना बनाई कार्यान्वयन गर्ने र सो को प्रतिवेदन कार्यपालिका वैठकमा समेत पेश गरी छलफल गर्ने प्रावधान रहे बमोजिम यस राप्ती गाउँपालिकामा संघिय सरकार, प्रदेश सरकार सहित गाउँपालिका द्वारा आ व २०८०/०८१ मा ९ वटै वडामा संचालित ५ वटै विषयut क्षेत्र -पुर्वाधार, सामाजिक, आर्थिक, वातावरण विपद र सार्वजनिक सेवा प्रवाह तथा शुसासन_ योजना तथा कार्यक्रमको यस गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिवाट गरी यो प्रतिवेदन तयार गर्ने गरिएको छ।

**उदेश्यः**

**१ गाउँपालिकाबाट चालु आ व ०८०/०८१ मा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझावको जानकारी गराउने।**

**२ अनुगमन समितिबाट हाल सम्म भए गरेका गतिविधिको जानकारी गराउने।**

**योजना अनुगमन समितिः**

**संयोजक श्री कमलापती चौधरी गा पा उपाध्यक्ष**

**सदस्य श्री रण बहादुर पुजाली सार्की कार्यपालिका सदस्य**

**सदस्य श्री चम्फा भुसाल कार्यपालिका सदस्य**

**सदस्य श्री नेव बहादुर वली प्रमुख प्रशासकीय अधिकृत**

**सदस्य सचिव श्री विकास ज्ञवाली योजना शाखा प्रमुख**

**अनुगमन समितिबाट भए गरेको अनुगमन गतिविधिः**

**क आयोजनाको स्थलगत अनुगमन र योजनाको अवस्था**

| क्र सं | आयोजनाको नाम | कुल लागत | मुल्यांकन अंक | योजनाको अवस्था |
|---|---|---|---|---|
| १ | दुर्गा हिमाल मार्ग देखि पुर्व तर्फ राष्ट्रिय मा वि जाने बाटोमा नाला निर्माण | २८७३४९.९६ | २८७९२९।६९ | काम सम्पन्न भएको |
| २ | स्वर्गद्वारी स्कुल बाटो स्तरउन्नती | ३८२४०३.७९ | 382423.02 | काम सम्पन्न भएको |

| | | | | |
|---|---|---|---|---|
| ३ | हर्षेडाडा पर्यटकिय स्थल निर्माण तथा व्यवस्थापन | ३८६५२७.३४ | ३८६५१०।२१ | काम सम्पन्न भएको |
| ४ | एकतानगर कटान संरक्षण | ३४२५६५.४८ | ३२८६८४।९३ | काम सम्पन्न भएको |
| ५ | रात्री प्रा वि गेट निर्माण | ११४४८३.९१ | 114190.18 | काम सम्पन्न भएको |
| ६ | पत्थरगढवा गाउँ सडक स्तरउन्नती | 570642.59 | 564650.63 | काम सम्पन्न भएको |
| ७ | बगरापुर सडक स्तरउन्नती | 570719.31 | 557144.24 | काम सम्पन्न भएको |
| ८ | तलभद्रा कल्भर्ट र डोड निर्माण | ८२४४४६६.९८ | ८२५२६५।४१ | काम सम्पन्न भएको |
| ९ | टकपुरान घर देखि पुर्व अधुरो नाला निर्माण | २२८७४६.८१ | २२८९६४।०४ | काम सम्पन्न भएको |
| १० | जाकिने सोलार लिफ्ट | 3503120.75 | 3506801.70 | काम सम्पन्न भएको |
| ११ | वडा कार्यालय परिसर पर्खाल गेट निर्माण | ४५७०४६.१५ | ४६१२९४।९८ | काम सम्पन्न भएको |
| १२ | घोड्लेआप स्यानीघोष बाटो मर्मत | 286185.86 | 282127.99 | काम सम्पन्न भएको |
| १३ | घुमाउने नयाँगाउँ बाटो स्तरउन्नती | 1141799.24 | 1145684.47 | काम सम्पन्न भएको |
| १४ | जाबुने रुपाकोट बाटो मर्मत | ३४२५०७.९१ | ३३९४३५।०४ | काम सम्पन्न भएको |
| १५ | नयाँगाउँ सिम्ले बाटो मर्मत | 228356.33 | 224010.97 | काम सम्पन्न भएको |

## शिक्षा तर्फ

चालु शैक्षिक सत्रको लागि विद्यालयमा भइरहेका कृयाकलापहरुको अनुगमन कार्ययोजना निर्माण गरी गा पा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका पदाधिकारीहरु, वडा अध्यक्ष लगायतका जनप्रतिनिधि, गाउँ शिक्षा समिति र शिक्षा युवा तथा खेलकुद शाखा बाट नियमित रुपमा अनुगमन गरिएको ।

पशुपंक्षि तथा मत्स्य विकास शाखा तर्फ

दुध उत्पादनमा आधारित अनुदान र बाख्रा प्रवर्धन कमर्यक्रमको छनौटको लागि अनुगमन गरिएको।

छलफलका विषयहरु

१ सवै शाखा तथा वडा कार्यालयले कार्यान्वयन गर्न तोकेका योजना तथा कार्यक्रमहरु २०८१ वैशाख भित्र सम्पन्न गर्न कार्ययोजना सहित आवस्यक तयारी गर्ने।

अनुगमनको क्रममा देखिएको सवल पक्षः

१ उपभोक्ताहरु एकजुट भइ काम गरेको।

२ योजनाहरुमा जनसहभागिता भएको।

३ योजना संझौता बमोजिम गुणस्तरिय सामाग्री प्रयोग गरी समयमानै सम्पन्न भएको।

४ सम्पन्न भएका योजनाबाट उपभोक्ताहरुले सेवा लिएको।

५ रोजगारी सृजना भएको

६ स्वरोजगारका लागि युवा लक्षित करार खेती कार्यक्रमको अनुगमन
अनुगमनको क्रममा राप्ती गाउँपालिका वडा नं १,२,३,६, ७ र ८ का केही कृषकहरु
व्यवसायिक रुपमा तरकारी तथा नगदे वालीको खेती गरेको पाइयो।

७ विद्यालयहरु नियमित रुपमा संचालनमा आएको।

८ दुध डेरीहरुमा दुधको गुणस्तर समेत जाँच भएको।

९ जनसंख्याको अनुपातमा जनशक्ती नभएतापनि नियमितरुपमा सेवा प्रवाह भएको।

१० स्वास्थ्य संस्थामा नागरिक वडा पत्र सुझावपेटीका कण्डम बाकस लगायत सुचना संचार सामाग्रीहरु देखिने गरी राखिएको पाइयो।

अनुगमनको क्रममा देखिएको चुनौती तथा समस्याहरुः

१उपभोक्ता समितिबाट हुने केही काममा उपभोक्ताहरुले श्रमदानरलागत सहभागितालाई कागजमा मात्र सिमित गर्नु र काम कम गरी भुक्तानी कम भएकोमा प्राविधकलाई दोषि देख्नु तथा उपभोक्ता समितिले काम अघोषित रुपमा ठेक्कामा दिनु।

२ लागत ईष्टिमेट तयार भई साथमै हुदा पनि त्यसलाई नहेर्नुरनसोध्नु। आफ्नै तरिकाले काम गर्नु।

३ जग्गाको विवादले गर्दा निर्माण कार्य गर्न कठिनाई हुनु .

४ उपभोक्ता समिति मार्फत हुने कार्यमा भारी उपकरण प्रयोग गर्न नपाईनु।

५ दक्ष कामदारको अभाव हुनु ।
६ कृषि उपजहरुको न्यूनतम समर्थन मुल्य निर्धारण नहुनु ।
७ पत्थरगढवा सा.स्वा.ई., बड्की सिसहनिया आ.स्वा.के. र मिलनडाँडा आ.स्वा.के.मा स्वास्थ्य संस्था परिसरमा तारवार नभएका कारण सामाग्री सुरक्षित नरहेकोले तारबार गर्नुपर्ने देखिएको ।
८ लक्ष्य अनुसार प्रगति हासिल गर्न संस्था स्तरको बैठकहरुमा समिक्षा प्रभाकारी बनाउनुपर्ने ।
९ आकस्मिक स्वास्थ्य सेवामा २४ सै घण्टा सेवा प्रवाह गर्न न्युनतम एउटा सेवाको लागि ३ जना कर्मचारीको व्यवस्थापन गर्न अति नै आवश्यक देखिएको ।

## समस्या समाधानका लागि गरिएका पहलहरुः

१ उपभोक्ता समितिबाट हुने काममा १५ प्रतिशत जन सहभागितालाई जोड दिएको ।
२ लागत ईष्टिमेट अनुसार नै निर्माण कार्य गर्नका लागि प्राविधिकबाट निरन्तर स्थलगत अनुगमन गरेको ।
३ उचित निर्माण सामाग्रीको प्रयोगमा जोड दिएको ।
४ जग्गा विवाद भएमा गा पा को अमिनद्वारा जग्गाको सिमान्कन गरेको ।
५ निर्माण कार्यको गुणस्तरियता कायम गर्न विभिन्न परिक्षणको व्यवस्था गरिएको ।
६ दुधको गुणस्तर चेकजाँच गरी उपभोक्ता हितको सुनिश्चितता गरिएको ।
अनुगमनका क्रममा लिएका केही तस्विरहरु


नमस्ते
हर्षे डाँडा













